**Journal of Tikapur Multiple Campus**
Vol.6; June 2023
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# वैदिक र लौकिक वाङ्मयमा भाषिक चिन्तन

**कमप्रसाद देवकोटा**
यमुनानन्द नमुना माध्यमिक विद्यालय, रुकुमपश्चिम, नेपाल
Email: devkotakamprasad60@gmail.com

**लेखसार**

प्रस्तुत 'वैदिक र लौकिक वाङ्मयमा भाषिक चिन्तन' शीर्षकको अनुसन्धानात्मक लेखको अध्ययन क्षेत्र वैदिक र लौकिक संस्कृतमा विकसित भाषिक चिन्तन परम्परा हो । यो लेख वैदिक र लौकिक वाङ्मयमा के कस्ता भाषिक चिन्तनहरू भएका छन् ? यी वाङ्मयमा भएका भाषिक चिन्तनहरूबिच के कस्ता समानता र भिन्नताहरू रहेका छन् ? आदि प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । यसमा वैदिक भाषिक परम्परालाई सुदृढ बनाउने वैदिक संहिता, वेदको व्याख्या गर्न रचित ब्राह्मण, आरण्यक, उपनिषद्हरू, वेदाङ्ग, प्रातिशाख्य तथा शिक्षा ग्रन्थ जस्ता वैदिक कालका रचनाहरू तथा लौकिक वाङ्मयअन्तर्गत पर्ने पाणिनिपूर्वका भाषिक चिन्तनहरू, पाणिनिकालका त्रिमुनि आचार्यहरूका व्याकरणिक कार्यहरू तथा पाणिनि उत्तरयुगमा भएगरेका विभिन्न आचार्यहरूका चिन्तनहरूसमेतलाई समेटिएको छ । यसमा वैदिक वाङ्मयहरूमा उल्लिखित ध्वनि, अक्षर, शब्द व्युत्पत्ति, शब्दवर्ग, धातु, प्रातिपदिक जस्ता विषयहरू तथा लौकिक वाङ्मयहरूमा प्रकृति प्रत्ययको कल्पना, भाषाका चार अवस्था परा, पश्यन्ती, मध्यमा र वैखरीको निरूपण, शब्दवर्गको स्थापना, शब्दार्थ सम्बन्ध, शब्दको श लेखन, शब्द व्युत्पत्ति चेत, उच्चारणसम्बन्धी धारणा, स्फोटको कल्पना जस्ता भाषिक अवस्थाको खोजी गरिएको छ । यस लेखलाई तयार गर्न गुणात्मक ढाँचाअन्तर्गतको वर्णनात्मक पद्धतिको अवलम्बन गरिएको छ । पूर्वीय वाङ्मयसम्बन्धी अध्ययनका सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरी आवश्यक व्याख्या विश्लेषणसहित निष्कर्ष निकालिएको छ । आधुनिक नेपाली व्याकरणमा प्रयुक्त शब्द व्युत्पत्ति, प्रकृति प्रत्यय, धातु, शब्दवर्ग, कारक, विभक्तिको विकास संस्कृत व्याकरणबाट भएको देखिन्छ ।

***शब्दकुञ्जी*** : ऐन्द्र सम्प्रदाय, धातुज, प्रातिशाख्य, माहेश्वर सूत्र, वेदाङ्ग, वैदिक संहिता

## परिचय

भाषा विचार विनिमयको साधन हो । मानिस आफ्ना विचार, अनुभूति, सन्तुष्टि, असन्तुष्टि सबै कुराहरू भाषाबाटै अभिव्यक्त गर्दछ । जब मानिस अस्तित्वमा आयो भाषा पनि सँगै ल्याएर आएको

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

हुनुपर्दछ। भाषाको जन्म मानवीय आवश्यकताले हुन्छ। मान्छेले आदिकालदेखि प्रयोग गर्दै आएको भाषाको अध्ययन गर्ने परिपाटीको सुरुवात वैदिक कालबाटै भएको पाइन्छ। वैदिक कालको पनि सर्वप्राचीन ग्रन्थ ऋग्वेदबाटै यससम्बन्धी चिन्तन मनन प्रक्रियाको सुरुवात भएको पाइन्छ। ऋग्वेदका साथै अन्य वेदहरूमा पनि भाषासम्बन्धी प्रसङ्गानुकूल चर्चाहरू भएको पाइन्छ। यसरी वैदिक युगका ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद् तथा वेदाङ्गहरूमा पनि भाषा प्रयोगव्यवहारसम्बन्धी विचारहरू आएका देखिन्छन् । लौकिक परम्परामा आएर भाषाको चिन्तन भाषिक नियमहरूको प्रार्दुभाव गर्ने चरणमा विकास भएको पाइन्छ । यही क्रममा विभिन्न आचार्यहरूले आआफ्ना भाषा व्याकरणसम्बन्धी चिन्तनमनन गरेका छन् । पाणिनि व्याकरण परम्पराले सबै पूर्वभाषिक चिन्तनलाई निश्चित दिशा प्रदान गरेको छ । यसको आगमनले व्याकरण लेखन परम्परामा नौला आयामको विकास भएको छ। यसको प्रभाव पाश्चात्य भाषिक चिन्तनमा समेत पऱ्यो । आधुनिक भाषाविज्ञानका शाखाहरू रूपविज्ञान, वर्णविज्ञान, वाक्यविज्ञान तथा अर्थविज्ञान पाणिनीय व्याकरणकै विकसित रूप हुन् । यसरी भाषा चिन्तनमा कुन कुन विद्वान्हरूले के कस्तो योगदान गरे ? आधुनिक भाषाविज्ञानलाई कसरी थप विकास गर्न सकिन्छ ? भन्ने प्रसङ्गमा भाषासम्बन्धी भएगरेका वैदिक तथा लौकिक चिन्तन परम्पराको खोजी आवश्यक विषय हो। यससम्बन्धी आवश्यकतालाई मध्यनजर गरी प्रस्तुत अध्ययन कार्य थालिएको हो । वैदिक र लौकिक भाषिक चिन्तन परम्पराको ऐतिहासिकता अध्ययन गर्ने काम प्रस्तुत रचनामा भएको छ। वैदिक र लौकिक वाङ्मयमा केकस्ता भाषिक चिन्तनहरू भएका छन् ? यी वाङ्मयमा भएका भाषिक चिन्तनहरूबिच केकस्ता समानता र भिन्नताहरू रहेका छन् ? आदि समस्यामा प्रस्तुत अनुसन्धानात्मक लेख केन्द्रित रहेको छ । पूर्वीय भाषिक चिन्तन परम्परा अध्ययन गर्नु व्यापक विषय क्षेत्र हो । यसको सम्पूर्ण पक्षको अध्ययन पूरा गर्न समय तथा उच्च बौद्धिक क्षमताको आवश्यकता पर्न सक्छ। यस लेखको उद्देश्य सापेक्षित हुने गरी वैदिक भाषिक चिन्तन तथा लौकिक भाषिक चिन्तनअन्तर्गत पाणिनि व्याकरण, मुनित्रय व्याकरण परम्परा, पाणिनिउत्तरका वैयाकरणहरूको व्याकरणसम्बन्धी योगदानको बारे सङ्क्षिप्त अध्ययन गर्ने गरी सीमाङ्कन गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक आलेख तयार पार्ने क्रममा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत वर्णनात्मक पद्धतिलाई अवलम्बन गरिएको छ। सामग्री सङ्कलन द्वितीयक स्रोतअन्तर्गत पुस्तकालय अध्ययन कार्यबाट गरिएको छ । प्रस्तुत लेखको दावीलाई पुष्टि गर्नका लागि विभिन्न विद्वान्हरूद्वारा प्रतिपादित पूर्ववर्ती सामग्रीहरूमा आधारित भई विमर्श गरिएको छ । यस अध्ययनका लागि पूर्वीय वाङ्मयका महत्त्वपूर्ण ग्रन्थहरूलाई ज्ञानको स्रोत मानिएको छ। उपयुक्त साक्ष्य र प्रमाणका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

## नतिजा र छलफल

### वैदिक भाषिक चिन्तन

वैदिक भाषिक चिन्तनअन्तर्गत वैदिक संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्, वेदाङ्ग, प्रातिशाख्य, शिक्षाग्रन्थ, निघण्टु, निरुक्त जस्ता वैदिक ग्रन्थहरूमा प्रयुक्त भाषिक चिन्तनहरूलाई समेटिएको छ।

## वैदिक संहितामा भाषिक चिन्तन

वैदिक संहिता भनेका विभिन्न देवताहरूको स्तुति गरिएका मन्त्रहरूका सङ्ग्रह हुन् । ऋक्, यजुष्, साम र अथर्व गरी वैदिक संहिताहरू चार प्रकारका छन् । यी चार संहिताहरूमा भाषासम्बन्धी महत्त्वपूर्ण चिन्तन गरिएको पाइन्छ । पूर्वीय जगत्मा वैदिक भाषिक चिन्तन र लौकिक भाषिक चिन्तन गरी भाषिक चिन्तनको परम्परालाई दुई वर्गमा विभाजन गरी अध्ययन गरिन्छ । वैदिक भाषिक चिन्तनअन्तर्गत चार वेदहरू ऋग्वेद, सामवेद, यदुर्वेद तथा अथर्ववेदका विभिन्न ऋचाहरूमा भएका भाषा व्याकरणसम्बन्धी विचारहरू तथा वेदको व्याख्याको रूपमा देखा परेका ब्राह्मण, आरण्यक तथा उपनिषद्हरूमा आएका भाषिक चिन्तनहरू पर्दछन् (शर्मा, २०५६, पृ.५) । वेदाङ्गहरू शिक्षा, कल्प, ज्योतिष, निरुक्त, व्याकरण तथा छन्दमा भएका भाषिक चिन्तनसमेत वैदिक भाषिक चिन्तनका मुख्य सामग्रीहरू हुन् । वेदमा अनेक स्थानमा वाक्तत्त्व, भाषाको उत्पत्ति, व्याकरण, छन्दको विश्लेषण, वाणीका भेदहरू, मनस्तत्त्व तथा वाक्तत्त्वसम्बन्धी अक्षर, पद आदिको चर्चा गरिएको पाइन्छ (न्यौपाने र पराजुली,२०६९, पृ.१५) । वेदमा विशेष गरी अक्षर र विभक्तिको प्रयोग, वाणीको व्यापकता, चतुर्विध वाक्, भाषिक तत्वको विश्लेषण, अक्षर तथा पदज्ञानको महत्त्व, निर्वचनको प्रारम्भ जस्ता भाषिक पक्षहरूको चर्चा गरिएको छ (न्यौपाने र पराजुली,२०६९, पृ.१५-१७) ।वेदलाई भाषिक चिन्तनको आदि ग्रन्थ मानिन्छ । यसको पृष्ठभूमिमा भाषिक चिन्तन परम्परा विकसित हुँदै गएको हो ।

## ब्राह्मण ग्रन्थहरूमा भाषिक चिन्तन

वेदका व्याख्याका रूपमा देखा परेका उत्तरवैदिक कालका ब्राह्मणग्रन्थ, आरण्यक तथा उपनिषद्हरूमा पनि भाषासम्बन्धी चिन्तनहरू देखा पर्दछन् । वेदको कर्मकाण्डसम्बन्धीको टीका मानिने ब्राह्मण ग्रन्थहरूमा पनि चर्चा गरिएको छ । वेद संहिता मन्त्रको सङ्ग्रह हो भने ब्राह्मणग्रन्थ यसको प्रयोग हो (राई, २०७४, पृ.३२०) । ब्राह्मण ग्रन्थहरूले पाणिनीय व्याकरण रचनामा महत्त्वपूर्ण आधारको काम गरेको देखिन्छ । ब्राह्मण ग्रन्थहरूमा उल्लिखित भाषिक चिन्तनका अधिकांश कुरालाई व्याकरणिक सूत्रमा बाँध्ने काम पाणिनिबाट भएको हो । व्याकरणधातु, प्रातिपदिक, आख्यात, लिङ्ग, वचन, विभक्ति, प्रत्यय, स्वर, उपसर्ग, निपात, व्याकरण, विकार, मात्रा, वर्ण, अक्षर, पद, संयोग, स्थान, नाद आदि पारिभाषिक शब्दहरूको प्रयोग गोपथ ब्राह्मणमा पाइन्छ (न्यौपाने र पराजुली,२०६९, पृ.१८)। ब्राह्मण ग्रन्थहरूले वैदिक पाठलाई सहज गर्न सहयोग गरेका छन् ।

## आरण्यक तथा उपनिषद् ग्रन्थहरूमा भाषिक चिन्तन

ब्राह्मण ग्रन्थहरूभन्दा केही समयपछाडि अस्तित्वमा आएका आरण्यकहरूमा पनि भाषिक व्यवहारहरू भएको पाइन्छ । आरण्यकमा भाषासम्बन्धी केही आधारहरू देख्न सकिन्छ । ऐतेरिय आरण्यकका पाँच आरण्यकहरूमध्ये तृतीय आरण्यकमा संहिता, पद, क्रमपाठ, स्वर, व्यञ्जन आदिको चर्चा गरिएको छ (न्यौपाने र पराजुली, २०६९, पृ.१८)। वेदान्त दर्शनका रूपमा चिनिने उपनिषद्हरूमा पनि थुप्रै भाषिक चिन्तनहरू भएका छन् । विभिन्न उपनिषद्हरूमा भाषासम्बन्धी व्यापक चर्चा भएको नभए पनि मुन्डकोपनिषद्, केनोपनिषद, श्वेताश्वेतरोपनिषद् आदिमा केही भाषासम्बन्धी सङ्केत गरिएको छ

(पोखरेल, २०७५, मोडुल सामग्रीबाट उद्धृत) । यसमा अक्षर (भाषा) लाई ब्रह्मसँग जोडेर व्याख्या गरिएको छ । मुन्डकोपनिषद्का अनुसार अक्षर ब्रह्मबाट यो विश्वको उत्पत्ति हुन्छ । केनोपनिषद्का अनुसार जसलाई वाणीद्वारा बताउन सकिँदैन, जसले वाणीलाई उत्पत्ति गर्दछ, त्यही ब्रह्म हो । श्वेताश्वेतरोपनिषद्का अनुसार अनन्त अक्षर ब्रह्मका विद्या र अविद्या गरी दुई रूप छन् (न्यौपाने र पराजुली, २०६९, पृ.२०) । उपनिषद्हरूमा भाषासम्बन्धी केही न केही सङ्केत गरिएको पाइन्छ ।

## वेदाङ्ग कालमा भाषिक चिन्तन

षड्वेदाङ्गहरू वेदपाठमा सहजीकरण ल्याउन रचित ग्रन्थहरू हुन् । वेदलाई शरीरको रूपमा आरोपित गरी विभिन्न ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियको रूपमा वेदाङ्गहरूलाई चिनाइएको देखिन्छ । कल्प र ज्योतिषबाहेक अन्य सबैजसो वेदाङ्गहरूमा भाषिक चिन्तन पाइन्छ । ध्वनि विज्ञानअन्तर्गत पर्ने उच्चारणसम्बन्धी नियमहरूको व्याख्या गर्ने काम 'शिक्षा' मा भएको छ । पदविज्ञान र वाक्यविज्ञानको समन्वयात्मक रूपको चर्चा 'व्याकरण' मा भएको छ । 'निरुक्त' मा शब्दको निर्वचन वा व्युत्पत्तिको बारेमा व्याख्या छ भने 'छन्द' मा प्रत्येक पाउमा वर्ण र मात्राहरूका निर्धारित सङ्ख्याको वर्णन गरिएको छ (न्यौपाने र पराजुली, २०६९, पृ.२०) । वेद पाठलाई सहज गर्नका लागि वेदाङ्गको भूमिका महत्त्वपूर्ण मानिन्छ ।

## प्रातिशाख्य र शिक्षाग्रन्थमा भाषिक चिन्तन

वेदको स्पष्ट उच्चारणमा समस्या परेको महसुस गरी त्यसको समाधानार्थ प्रातिशाक्य तथा शिक्षा ग्रन्थहरू व्यवहारमा आएका हुन् । प्रातिशाक्य ग्रन्थहरूमा वर्ण उच्चारणसम्बन्धी नियमको व्याख्या पाइन्छ । प्रातिशाक्यमा वैदिक सूक्तहरूको उच्चारणको शुद्धताको निर्णय गर्ने विभिन्न शाखाहरू थिए । संस्कृत भाषाका ध्वनिको वर्गीकरण गर्ने र धातुहरूलाई गणका रूपमा वर्गीकरण गर्ने काम पनि प्रातिशाक्यकारहरूले गरे(बन्धु, २०७०, पृ.१२) । शिक्षाग्रन्थहरू भाषिक ध्वनि, सुर, बलाघात, मात्रा आदिको बारेमा सिकाउने ग्रन्थहरू हुन् । प्रातिशाक्य र शिक्षाग्रन्थहरूमा मूलतः स्वर (उदात्त आदि सुरसमेत), व्यञ्जन, अन्तःस्थ, ऊष्म वर्ण र तिनीहरूका भिन्नताका आधारहरू : बल, मात्रा, साम, सन्तान, अनुनासिकता, अक्षर, यम अभिनिधान, सन्धिस्वर आदिको विश्लेषण पाइन्छ । अहिले पनि यिनै पारिभाषिक शब्द र मान्यता स्वीकृत छन् (न्यौपाने र पराजुली, २०६९, पृ.२२) । वेदका मन्त्रहरूको उच्चारणलाई नियमबद्ध गरी उच्चारणमा एकरूपता कायम गर्न प्रातिशाक्य र शिक्षाग्रन्थहरूको रचना भएको देखिन्छ । शिक्षा सामान्य ध्वनि विज्ञानसँग र प्रातिशाख्यले व्यावहारिक ध्वनि विज्ञानसँग सम्बन्ध राख्दछ (आचार्य, २०७२, पृ.२७) । यी ग्रन्थहरूमा आधुनिक ध्वनिविज्ञानको आदि रूप भेट्न सकिन्छ ।

## निघण्टु र निरूक्तमा भाषिक चिन्तन

पूर्वीय भाषिक परम्परामा यास्कको भूमिका पनि महत्त्वपूर्ण मानिन्छ । यास्कले 'निघण्टु' र 'निरुक्त' को रचना गरेर भाषिक पक्षमा महत्त्वपूर्ण योगदान गरेका छन् । 'निघण्टु' यास्कको वेदसम्बन्धी शब्दकोश हो । भने 'निरुक्त' व्याकरण ग्रन्थ हो । यसमा शब्दको निर्वचन प्रक्रियाको बारेमा व्याख्या गरिएको छ । 'निरुक्त' वेदाङ्गअन्तर्गत पर्दछ । यज्ञादि कर्मले प्रधानता पाएको बेला वैदिक वर्णको शुद्ध उच्चारण तथा अर्थबोधसहितको पठन अनिवार्य थियो तर वैदिक भाषा अबोध्य भइसकेको थियो । वैदिक

वाङ्मयका रक्षाका निम्ति 'निघण्टु' र 'निरुक्त'को रचना भएको हो (न्यौपाने र पराजुली, २०६९, पृ.२६)। यास्क नै पहिलो व्युत्पत्तिकार हुन् जसले सबै प्रकारका शब्दहरूलाई धातुज अर्थात् धातुबाट निर्माण भएका मानेका छन् । शब्दवर्गको अवधारणाको आरम्भ पनि यास्कबाटै भएको हो । यिनले सबै शब्दलाई नाम, आख्यात, उपसर्ग र निपातको रूपमा वर्गीकरण गरेका छन् । यास्कले शब्द र अर्थको नित्य सम्बन्ध हुने कुरामा जोड दिएका छन् ।

## पाणिनि व्याकरणको पृष्ठभूमि

निर्वचनकार यास्क र अष्टाध्यायीका लेखक पाणिनिका बिचमा भाषासम्बन्धी चिन्तनलाई व्याकरणको पृष्ठभूमिको रूपमा लिइन्छ । यस समयका भाषा चिन्तकहरूलाई वैयाकरणको नामले चिनिन्छ । यी वैयाकरणहरूका पृष्ठभूमिमा पाणिनिको सर्वोत्कृष्ट व्याकरणको रचना भएको मानिन्छ । ती वैयाकरणहरूका आधिकारिक व्याकरणका कृतिहरू अहिले उपलब्ध नभए पनि मुनित्रयका ग्रन्थहरूमा उल्लिखित विभिन्न प्रसङ्गको आधारमा उनीहरूको व्याकरणगत योगदानको चर्चा गर्न सकिन्छ। पाणिनिले आफ्नो अष्टाध्यायीमा विभिन्न व्याकरणिक सम्प्रदायहरूको चर्चा गरेका छन् । पाणिनिको अष्टाध्यायी, पतञ्जलीको महाभाष्य र अन्य सन्दर्भहरूमा उल्लिखित वैयाकरणहरू हुन् : आपिशलि, इन्द्र, काश्यप, वायु, गार्ग्य, भागुरि, शाकटायन, पोष्करसादि, शाकल्य, रौढि, स्फोटायन, काशकृत्स्न, भारद्वाज, शन्तनु, चक्रवर्मन, व्याडि, सेनक (न्यौपाने, भण्डारी र न्यौपाने २०६७, पृ.४) । यस समयमा भाषासम्बन्धी महत्त्वपूर्ण चिन्तनहरू भएको देखिन्छ । प्रकृति प्रत्ययको कल्पना, भाषाका चार अवस्था परा, पश्यन्ती, मध्यमा र वैखरीको निरूपण, शब्दवर्गको स्थापना, शब्दार्थ सम्बन्ध, शब्दकोश लेखन, शब्द व्युत्पत्ति चेत, उच्चारणसम्बन्धी धारणा, स्फोटको कल्पना आदि यस समयका मुख्य उपलब्धि हुन्। जसले पाणिनीय पदव्याकरणको रचनामा आधार स्तम्भको काम गरेका छन् ।

## लौकिक वाङ्मयमा भाषिक चिन्तन

लौकिक भाषिक चिन्तनअन्तर्गत पाणिनिलाई केन्द्रमा राखी उनीभन्दा पूर्ववर्ती र उत्तरवर्ती भाषिक चिन्तनलाई समेटिएको छ। पाणिनि पूर्वकालका महेश्वर सम्प्रदाय र ऐन्द्र सम्प्रदायका योगदानको चर्चा गरिएको पाइन्छ। यसमा त्रिमुनिहरू पाणिनि, कात्यायन र पतञ्जलीले पाणिनिरचित अष्टाध्यायीको केन्द्रीयतामा गरेका व्याकरणसम्बन्धीका उपलब्धिहरू उल्लेख गरिएको छ। पाणिनि उत्तरकालका भर्तृहरि, जयादित्य, वामन, रामचन्द्र र भट्टोजिदीक्षितका भाषिक चिन्तनलाई पनि प्रस्तुत गरिएको छ।

## पूर्व पाणिनीय व्याकरण परम्परा

लौकिक संस्कृतका भाषिक चिन्तनलाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

पाणिनि पूर्वकाल : यास्कको समयदेखि पछाडि र पाणिनिको अगाडिको समयावधि नै पाणिनि पूर्वकाल हो । पाणिनिको अष्टाध्यायी आउनुभन्दा पहिले व्याकरणसम्बन्धी थुप्रै उपलब्धिहरूको चर्चा गरिएको छ ।  कुनै वैयाकरणहरूको नाम अष्टाध्यायीमा उल्लेख गरिएको छ भने कुनै वैयाकरणहरूको भने कुनै सङ्केत गरिएको छैन । पाणिनिको अष्टाध्यायी व्याकरणमा उल्लेख नभए पनि अस्तित्वमा रहेका वैयाकरणहरूमा महेश्वर, ब्रह्मा, वृहस्पति, इन्द्र, वायु, भारद्वाज मुख्य हुन् । महेश्वरलाई पहिलो

व्याकरणकारको रूपमा चिनिन्छन् (पोखरेल, २०७५, मोडुल सामग्रीबाट उद्धृत) । यिनको नेतृत्वमा रहेको भाषिक सम्प्रदायलाई माहेश्वर सम्प्रदाय भनिन्छ। महेश्वरले बजाएको डमरुको आवाजबाट पाणिनिले व्याकरणसम्बन्धी चौध सूत्र प्राप्त गरी प्रयोगमा ल्याएको प्रसङ्ग आएको छ । भाषिक चिन्तनका आदि पुरुष ब्रह्माले 'चत्वारी वाक्' को कुरा गरेका छन् । चत्वारी वाक् भन्नाले परा, पश्यन्ती, मध्यमा र वैखरीलाई बुझिन्छ। मानव शरीरको मूलाधारचक्रमा रहेको नाद रुपिणी परावाणीबाट सिर्जना भएर क्रमशः पश्यन्ती र मध्यमा हुँदै वैखरीका रूपमा वाणीको अभिव्यक्ति हुन्छ। यही वैखरी वाणी नै मानवीय विचार विनिमयको माध्यम हो, यही नै भाषा हो (अधिकारी, २०७०, पृ.३) । महेश्वर अथाह व्याकरणिक ज्ञानका खानी थिए । उनले नै व्याकरणको ज्ञान वृहस्पति, इन्द्र, पाणिनिलाई दिएका थिए भन्ने कुरा सारस्वत भाष्यमा उल्लेख गरिएको छ । सारश्वत महाभाष्यको एउटा श्लोकमा उल्लेख भएअनुसार महेश्वरमा रहेको समुद्र समान व्याकरण ज्ञान राशिमध्ये आधा घडा वृहस्पतिमा, त्यसको एक शतांश इन्द्रमा र त्यसको पनि कुशको टुप्पाबाट झर्ने जलबिन्दु जति मात्र पाणिनिमा प्राप्त भएको थियो (अधिकारी, २०७०, पृ.४) । ब्रह्मापछि भाषिक चिन्तन परम्परामा वृहस्पतिको नाम उल्लेख गरिन्छ । पतञ्जलीद्वारा लिखित महाभाष्यमा बृहस्पतिले इन्द्रलाई शब्दसम्बन्धी उपदेश दिएको उल्लेख छ। बृहस्पतिद्वारा उपदिष्ट व्याकरणको अथाह र अपरिमित राशिलाई इन्द्रले छरितो र सुसंस्कृत तुल्याएकाले बृहस्पति, इन्द्र, चन्द्र हुँदै अगाडि बढेको व्याकरण चिन्तनपरम्परालाई ऐन्द्र सम्प्रदाय भनेर चिनिन्छ (अधिकारी, २०७०, पृ.४)। यस समयमा दुई व्याकरण सम्प्रदाय नै मुख्य रूपमा प्रचलित थिए : महेश्वर सम्प्रदाय र ऐन्द्र सम्प्रदाय । पाणिनिको अष्टाध्यायी, पतञ्जलीको महाभाष्य तथा अन्य सन्दर्भहरूमा उल्लिखित वैयाकरणहरू हुन् : आपिशलि, इन्द्र, काश्यप, वायु, गार्ग्य, भागुरि, शाकटायन, पौष्करसादि, शाकल्य, रौढि, स्फोटायन, काशकृत्स्न, भार द्वाज, शन्तनु, चक्रवर्मन, व्याडि र सेनक (न्यौपाने, भण्डारी र न्यौपाने,२०६७, पृ.४) । यी वैयाकरणका व्याकरण ग्रन्थहरू अनुपलब्ध रहेका छन्। यी वैयाकरणहरूका व्याकरणिकयोगदानले अष्टाध्यायी रचनामा पृष्ठभूमिको काम गरेका छन् ।

पाणिनि काल : पाणिनि कालअन्तर्गत पाणिनि, कात्यायन र पतञ्जलीले भाषिक चिन्तनमा गरेका योगदानहरू प्रस्तुत गरिएको छ ।

पाणिनिको व्याकरण चिन्तन : पाणिनिको समयावधिका सम्बन्धमा विभिन्न मतहरू देखिन्छन् । पाणिनिको समयबारे चूडामणि बन्धु (२०७०) भन्दछन्, "पाणिनिको समयबारे मतभेद छ तापनि यिनलाई भण्डारकर इ.पू. पाँचौं शताब्दीका मान्दछन्" (पृ.१४) । पाणिनिका विभिन्न नामहरू उल्लिखित छन् । पाणिन्, दाक्षीपुत्र, शालङ्की, शालातुरीय, आहिक, पाणिपुत्र जस्ता नामहरू पाणिनिको सन्दर्भमा प्रयोग गरिएका छन् । पाणिनिको समय र स्थानको बारेमा मतान्तरहरू रहेका छन् । कतिपयले यिनको जन्म अर्घाखाँची जिल्लाको पनेनामा भएको तर्क गरेका छन् भने कसैले यिनको जन्म भारतमा भएको पनि उल्लेख गरेका छन् । शालातुरीय भनिएकाले शालातुर (पाकिस्तानको लाहुर) मा यिनको जन्म भएको हुन सक्ने अनुमान पनि गरिएको छ ।

पाणिनि लिखित अष्टाध्यायी व्याकरण चिन्तन परम्परामा महान् उपलब्धि हो । यो पूर्वीय व्याकरण परम्पराको उत्कृष्टतम व्याकरण ग्रन्थ हो । यसले व्याकरण लेखन परम्परालाई एउटा निश्चित दिशा

प्रदान गरेको छ । अष्टाध्यायीको रचनालाई मानव मस्तिष्कको विशिष्ट उपलब्धि मानिन्छ । संरचनावादी भाषा वैज्ञानिक ब्लूमफिल्डले अष्टाध्यायीलाई मानव मेधाको महत्तम स्मारक मानेका छन् (ब्लुमफिल्ड, १९३३) । अष्टाध्यायीको रचना भएपछि पहिले देखिएका सबै वैयाकरणीय अवधारणाहरू लोप भएको मानिन्छ । पाणिनीय व्याकरण भन्नाले पाणिनि, कात्यायन र पतञ्जलीले गरेका व्याकरणसम्बन्धी योगदानहरूलाई बुझ्ने गरिन्छ । तीनजना आचार्यहरूलाई लौकिक व्याकरणका त्रिमूर्ति भनेर पनि चिन्ने गरिन्छ ।

अष्टाध्यायी आठ अध्याय, ३९९६ सूत्रहरू भएको व्याकरण ग्रन्थ हो । अहिले यसमा ३९०३ सूत्रहरू मात्र उपलब्ध छन् । यसका प्रत्येक अध्यायमा ४/४ पाउ रहेका छन (न्यौपाने र पराजुली, २०६९, पृ.५०) । पाणिनीय अष्टाध्यायी आठ अध्याय तथा चौध माहेश्वर सूत्रमा विभाजित छ । अष्टाध्यायीको पहिलो अध्यायमा ३५१, दोस्रोमा २६८, तेस्रोमा ६२१, चौथोमा ६२५, पाँचौंमा ६५६, छैटौंमा ५५५, सातौंमा ४३८ र आठौंमा ३६९ सूत्रहरू रहेका छन् ।

अष्टाध्यायी, पाणिनीय शिक्षा, द्विरूपकोश, धातुपाठ, गणपाठ, लिङ्गानुशासन र अष्टाध्यायीको स्वपज्ञ नामक वृत्ति पाणिनिका मुख्य व्याकरण ग्रन्थहरू हुन् । पाणिनिको अष्टाध्यायीमा व्याकरणसम्बन्धी नियमहरूलाई सूत्रबद्ध गरिएको छ । कात्यायनले वार्तिक, पतञ्जलीको महाभाष्य लेखेर अष्टाध्यायीका सूत्रहरूको व्याख्या गरेका थए । मुनित्रय पाणिनि, कात्यायन र पतञ्जलीले भाषिक चिन्तनमा व्याकरण लेखेर योगदान गरे । यिनीहरूको साझा प्रयासले नै अष्टाध्यायीले पूर्णता पाएको हो ।

पाश्चात्य विद्वान्हरूले पाणिनिले उच्च वर्गले दैनिक व्यवहारका लागि प्रयोग गर्ने कथ्य भाषालाई आधार मानेर व्याकरणको रचना गरेको तर्क गरेका छन् । भारतीय विद्वान् मिश्रले पाणिनिको अष्टाध्यायीमा पाइने स्वराघात र काकु, अनुकरणात्मक शब्दको विवेचना, द्विरुक्त शब्दको अर्थनिर्धारण, प्रत्यभिवाद, दूराह्वान, पृष्ठ प्रतिवचन, प्रहास, विचार्यमाण जस्ता प्रसङ्गहरूको व्याख्याका क्रममा यस व्याकरणलाई कथ्य भाषामा आधारित व्याकरण हो भन्ने स्पष्ट पारेका छन् (आचार्य, २०७२, पृ.६३) । उनले बोलीचालीको भाषालाई महत्व दिएर अष्टाध्यायी पदव्याकरणको रचना गरेको देखिन्छ ।

पाणिनि व्याकरण व्यवहारमा आएपछि भने अधिकांश विद्वान्हरू पाणिनि व्याकरणको व्याख्या र विश्लेषणतर्फ लागेको देखिन्छ । जयादित्य र वामनद्वारा रचित काशिकावृत्ति, रामचन्द्राचार्यले लेखेको प्रक्रिया कौमुदी तथा भट्टोजिदीक्षितले रचना गरेको सिद्धान्त कौमुदीले पाणिनीय व्याकरणलाई सरलीकृत तथा व्यावहारिक बनाउने काम गरेका छन् ।

पाणिनि लिखित अष्टाध्यायीको व्याकरणिक प्रयोगबाट पाश्चात्य आधुनिक भाषा वैज्ञानिकहरू पनि प्रभावित हुन पुगेका छन् । पाणिनिले नै भाषिक चिन्तनमा नयाँ युगको थालनी गरेको थिए । अहिले सबैजसो भाषामा प्रयोग गरिने व्याकरणको अवधारणा पाणिनिको देन हो । संस्कृत भाषाको सर्वप्रसिद्ध, सर्वसमृद्ध र सबैभन्दा वैज्ञानिक भाषिक चिन्तनका रूपमा पाणिनिको व्याकरणलाई लिइन्छ । यसले संस्कृतको मात्र नभई विश्वकै भाषाहरूको अध्ययन गर्ने वैज्ञानिक आधार प्रदान गर्दछ (अधिकारी, २०७०, पृ.६) । संस्कृत व्याकरण रचनाकारले व्याकरणका पाँच अङ्गहरूको संयोजनमा विचार पुऱ्याउनुपर्ने मान्यता रहेको

छ : सूत्रपाठ, धातुपाठ, गणपाठ, परिभाषापाठ र लिङ्गानुशासन । अन्यथा व्याकरणलाई अपूर्ण मानिन्छ । अष्टाध्यायी यी सबै अङ्गहरूले पूर्ण व्याकरण हो । सूत्रपाठ यस व्याकरणको मुख्य पाटो हो । रूपायनका आधारमा धातुहरूका दश गण वा समूह उल्लेख गरिएको छ : भवादि/भ्वादि, अयादि, जुहोत्यादि, दिवादि, स्वादि, तुधादि, तनादि, क्रयादि र चुरादि । यी उल्लिखित आदि भनिएका धातुहरूको पहिचान गर्नका निम्ति पाणिनिले धातुपाठको रचना गरेको अनुमान गर्न सकिन्छ। संस्कृतमा शब्दहरू धातुबाट मात्रै बनेका छन् । कृत् प्रत्ययबाट मात्रै तद्धित प्रत्ययहरू बनेका छन् । कुनै शब्दहरू पनि सग्ला छैनन् । पाणिनिले कस्ता प्रातिपदिकमा कस्ता लिङ्गका निम्ति कस्ता प्रत्ययको प्रयोग गर्ने भन्ने कुराको स्पष्टीकरणको लागि लिङ्गानुशासन लेखेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

अष्टाध्यायीमा सामान्यतया तीन किसिमका विषयहरूको प्रस्तुतीकरण भएको देखिन्छ : पहिलो र दोस्रो अध्यायमा पदहरूको सङ्कलन, तेस्रो, चौथो र पाँचौ अध्यायमा प्रकृति प्रत्यय विभाजन र छैटौं, सातौं र आठौं अध्यायमा आगम, आदेश आदि सन्धि प्रक्रियाद्वारा शब्द निर्माण । पाणिनीय अष्टाध्यायीमा अइउण् आदि चौध महेश्वर सूत्र र बयालिस प्रत्याहारको कल्पना गरिएको छ । महेश्वर सूत्रमार्फत् संस्कृत स्वर व्यञ्जन वर्णको क्रमबद्ध वैज्ञानिक प्रस्तुति गरिएको छ । एक स्वर (अइउण्), त्यसपछि विचलनशील स्वर (ऋलृक्), सन्धि स्वर (एओङ्, ऐऔच्), यसपछि अर्धस्वर (हयवरट्, लण्) गर्दै अघोष घोष व्यञ्जनको क्रम मिलाइएको छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०६७, पृ.८) ।

षड्सूत्र : अष्टाध्यायीका सूत्रहरूलाई कार्य वा भूमिकाका आधारमा छ प्रकारमा विभाजन गरिएको छ। तिनीहरू संज्ञा सूत्र, परिभाषा सूत्र, विधि सूत्र, नियम सूत्र, अतिदेश सूत्र र अधिकार सूत्र रहेका छन् । संज्ञासूत्रमा नाम, निपात, सर्वनाम, गुण, वृद्धि, पद, धातु जस्ता व्याकरणका पारिभाषिक शब्दहरूलाई बुझाउने/अर्थ्याउने विषयको उल्लेख गरिएको छ । परिभाषा सूत्रमा नियमहरूलाई स्थिरता दिने कार्य गरिएको छ। विधि सूत्रको प्रयोगमा सन्देह भएका ठाउँमा परिभाषा सूत्रले निर्णय दिन्छ तर स्वयम् विधान चाहिँ गर्दैन । परिभाषा सूत्र विधि सूत्रको सहयोगी हो । विधि सूत्रले प्रत्ययको व्यवस्था गर्ने, लोप गर्ने, आगम गर्ने र आदेश गर्ने नियमहरू बनाउँछन् । समान्य नियमले स्वतः सिद्ध गर्ने कुरालाई थप नियमन गर्न विधान गरिएको विशेष नियामक सूत्र नै नियम सूत्र हो । नियम सूत्रले अन्य सूत्रहरूबाट भएको विधि वा व्यवस्थालाई आवश्यकता र परिस्थितिअनुसार सङ्कुचन र विस्तार दुवै गर्दछ । अतिदेश सूत्रले एउटा ठाउँमा भएको एक प्रकारको विधानलाई अर्को ठाउँमा पनि त्यही हुन्छ भन्ने व्यवस्था गर्दछ । प्रायः अतिदेश सूत्रमा 'वत्' प्रत्ययको प्रयोग हुन्छ । कुनै सिङ्गै वा आंशिक रूपमा सूत्रको पाउपर्यन्त वा सिङ्गै अध्यायपर्यन्त अनुवृत्ति हुन्छ भने त्यस्तो सूत्र अधिकार सूत्र हुन्छ ।

पाणिनि अष्टाध्यायीका  आधुनिक भाषाविज्ञानको उपहार नै हो । यसका विशेषताहरू निम्नलिखित छन्

सूत्रपाठमा लाघवता : शब्दहरूको विश्लेषण सूत्रहरूको माध्यमबाट गर्ने प्रणालीको विकास पाणिनिबाट भएको हो। अध्याहार, अनुवृत्ति तथा अन्तरालम्बन जस्ता प्रक्रियाबाट अष्टाध्यायीलाई संक्षिप्तता र पूर्णता दिने काम भएको पाइन्छ। अष्टाध्यायीका कुनै पनि ध्वनि निरर्थक छैनन्। यसका सूत्रहरूवैज्ञानिक तरिकाले रचित छन्भन्ने मान्यता पतञ्जलीको रहेको पाइन्छ ।

माहेश्वर सूत्रको प्रस्तुति : संस्कृत व्याकरणहरूमा प्रयोग गरिने चौध माहेश्वर सूत्रका पहिलो प्रयोगकर्ता पाणिनि हुन् । भाषिक ध्वनिलाई चौधवटा माहेश्वर सूत्रमा सचेततापूर्वक प्रस्तुत गरिएको छ । पाणिनि रचित अष्टाध्यायीमा प्रयुक्त चौध माहेश्वर सूत्रहरू : अइउण्, ऋलृक्, एओङ, ऐऔच्, हयवरट्, लण्, ञमङणनम्, झभञ्, घढधष्, जवगडदश्, खफछठथचतटब्, कवय्, शषसर्, हल् हुन् ।

प्रत्याहारको कल्पना : माहेश्वर सूत्रबाट जम्मा ४२ वा ४३ प्रत्याहारको कल्पना गरेको व्याकरणको विश्लेषण गर्ने काम पाणिनिबाट भएको छ ।

व्याकरणिक नियमको प्रस्तुति : सीमित नियमहरूको प्रयोगबाट असीमित भाषिक क्रियाकलापको कल्पना पाणिनिले गरेको पाइन्छ ।

वर्णनात्मक पद्धतिमा सर्वाङ्ग विवेचन : अष्टाध्यायी पहिलो वर्णनात्मक पद्धतिमा आधारित व्याकरण मानिन्छ । पाणिनिले सन्धि रूपगत, वर्णनिष्ठ, वाक्यनिष्ठ र प्रकरण/सन्दर्भनिष्ठ हुने कुरा बताएका छन् ।

शब्द र पदको भिन्नता : पाणिनिले 'सुप्तिङन्तं पदम्' भन्ने सूत्रको प्रयोग गरेर 'शब्द' र 'पद' बिचको भिन्नता देखाएका छन् । पाणिनिले विभक्ति नलागेका काँचा पदार्थ शब्द र विभक्ति लागेको पदार्थ 'पद' भएको कुरा बताएका छन् ।

शून्य रूपको कल्पना : पाणिनिले विभक्ति नलागेका निपात लगायतका अव्ययहरूलाई पनि पद मानेका छन् । अव्ययहरूमा 'सुप्' वा कारकीय विभक्ति लागेको कल्पना गरेर शून्य रूपको कल्पना गरेका छन् । आधुनिक रूपविज्ञानमा यसलाई शून्य रूप भनिएको छ ।

आकृतिपरक विश्लेषण : पाणिनि व्याकरणमा भाषाका संरचना र अर्थ दुबै पक्षमा जोड दिए पनि अष्टाध्यायी रूपरचना (रूपायन र व्युत्पादन) मा केन्द्रित रहेको व्याकरण हो ।

भिन्न मतको स्वीकार : पाणिनिले पूर्ववर्ती व्याकरणकारहरूका विचारहरूलाई समर्थन तथा खण्डनका साथ आफ्नो मतको स्थापना गरेको पाइन्छ ।

भाषिक भेदहरूको उल्लेख : अष्टाध्यायीमा दुईप्रकारका भाषिक भेदहरूको चर्चा गरिएको पाइन्छ । ऐतिहासिक भेदअन्तर्गत वैदिक र लौकिक तथा भौगोलिक भेदअन्तर्गत उदीच्य र प्राच्य भेद रहेका छन् । सामाजिक भेदहरूको पनि चर्चा पाणिनीय व्याकरणमा गरिएको पाइन्छ ।

पूर्ण व्याकरणको निर्माण : पाणिनिले व्याकरण लेखेपछि उनीभन्दा पूर्व व्याकरणहरू लोप भएको पाइन्छ । पाणिनीय व्याकरणलाई पाश्चात्य संरचनावादी भाषा वैज्ञानिक ब्लुमफिल्डले मानव मस्तिष्कको सर्वोत्कष्ट मेधा भनेका छन् । यस भनाइले पनि उनको व्याकरण पूर्ण थियो भन्ने कुरा पुष्टि हुनजान्छ ।

शब्दलाई कच्चा पदार्थ ठान्नु : अष्टाध्यायीमापाणिनिले भाषाको न्यूनतम अर्थपूर्ण एकाइ शब्द भएको स्वीकार गरेका छन् । उनले शब्दलाई वाक्यात्मक अभिव्यक्तिको कच्चा पदार्थको रूपमा व्याख्या गरेका छन् । उनले शब्दहरूको अर्थयुक्त मेलबाट वाक्यात्मक अभिव्यक्ति तयार हुने कुरा स्पष्ट गरेका छन् ।

वार्तिककार कात्यायनको योगदान : कात्यायनलाई नाम कात्य, पुनर्वसु, मेधाजित् र वररुचि आदि नामबाट पनि चिन्ने गरिन्छ । कात्यायनले पाणिनिको अष्टाध्यायीलाई व्याख्या गर्ने तथा समस्याहरूको खुलासा गर्ने काम गरेको पाइन्छ । अष्टाध्यायीलाई पूर्ण बनाउनका लागि कात्यायनको भूमिका महत्त्वपूर्ण मानिन्छ । यिनले स्वर्गारोहण नामक काव्य पनि लेखेका थिए भन्ने विश्वास गरिन्छ । सो कृति अहिले अनुपलब्ध छ । वार्तिकको लक्षणबारे पराशर उपपुराणमा यस्तो उल्लेख गरिएको छ :

उक्तानुक्तदुरुक्तानां चिन्ता यत्र प्रवर्तते ।

तं ग्रन्थं वार्तिकं प्राहुर्वातिकज्ञा मनीषिणः ।

अर्थात् उक्त अर्थात् व्यक्त बताइएका ठाउँमा सन्देह, अनुक्त (नियमहरू छुटेका) ठाउँमा सन्देह, दुरुक्त (भुलचुक) भएर नियममा सन्देह हुनु, यिनै समस्याहरूका समाधानका लागि बनाइएका नियमलाई नै वार्तिक मनिषीहरूले वार्तिक भन्ने गरेका छन् (न्यौपाने र पराजुली, २०६९, पृ.८३)। कात्यायनले पाणिनिकृत अष्टाध्यायीको परिपूरण गर्ने काम गरेका थिए । पाणिनिको समयभन्दा कात्यायनको समय पछाडि भएकाले केही समयगत परिवर्तनहरूकात्यायनका वार्तिकमा देख्न सकिन्छ । अष्टाध्यायीअनुसार सवर्णमा संहिता हुँदा दीर्घ हुनुपर्थ्यो तर 'शकन्धु' शब्दमा दीर्घ भएन । यस्ता समस्याका समाधानका निम्ति कात्यायनले ' शकन्ध्वादिषु पररूपं वाच्यम्' जस्ता १५०० वार्तिक लेखेर तत्काल प्रचलित शब्दको सिद्धि गरेका छन् (न्यौपाने, भण्डारी र न्यौपाने,२०६७, पृ.७) । यस कार्यले अष्टाध्यायीमा देखिएका समस्याहरू समाधान गर्न तथा पूर्णता प्रदान गर्नका लागि ठूलो योगदान गरेको पाइन्छ । कात्यायनले शब्द र अर्थका नित्य सम्बन्धमा जोड दिएका छन् ।

महाभाष्यकार पतञ्जलीको योगदान : पाणिनिका सूत्रहरू तथा कात्यायनका वार्तिकहरूको व्याख्या गर्न पतञ्जलीद्वारा रचित ग्रन्थ नै महाभाष्य हो । पतञ्जलीले व्याकरणको परिभाषा र प्रयोजनको व्याख्या गर्ने काम गरेका छन् । पतञ्जलीद्वारा रचित महाभाष्यका विशेषताहरू निम्न वमोजिम रहेका छन् :

– व्याकरण र रूपसिद्धिलाई दार्शनिक दृष्टिले हेर्नु,

– व्याकरण जस्तो रुखो विषयलाई अत्यन्तै सरल शैलीमा सविस्तार व्याख्या गर्नु,

– शब्दानुशासन वा व्याकरणका प्रयोजनको व्याख्या,

– स्फोट दर्शनको व्याख्या,

– वर्ण विश्लेषणका सिद्धान्तको स्थापना आदि ।

अष्टाध्यायी व्याकरणको परिपूर्णतामा स्वयम् पाणिनि, वार्तिककार कात्यायन र महाभाष्यकार पतञ्जलीको संयुक्त योगदान रहेको छ । संसारका अधिकांश भाषाका व्याकरणहरूले अष्टाध्यायीलाई अनुसरण गरेको देखिन्छ ।

पाणिनि उत्तरकाल : मुनित्रयको व्याकरण परम्पराभन्दा पछाडि देखिएका वैयाकरणहरूको समयावधि नै पाणिनि उत्तर काल हो । यिनीहरूलाई पनि पाणिनि व्याकरण सम्प्रदायभित्र राखेर अध्ययन

गर्ने गरिन्छ । पाणिनिको अष्टाध्यायी व्याकरणभन्दा नयाँ आयाम दिन सक्ने योग्य व्याकरण अद्यापि आउन सकेको छैन । यसकै आधारमा व्याकरण पठनपाठनको परम्परा बस्यो । अष्टाध्यायीलाई नै केन्द्रमा राखेर यसैको व्याख्याका निम्ति वृत्ति, टीका, कौमुदी तथा वाक्यपदीय जस्ता दार्शनिक ग्रन्थहरूको रचना भएको समयावधि नै पाणिनि उत्तरकाल मानिन्छ । यस समयका प्रमुख ग्रन्थहरू निम्न लिखित छन् :

| | |
|---|---|
| भर्तृहरि | - वाक्यपदीय |
| जयादित्य र वामन | - काशिकावृत्ति (प्राचीन व्याकरण) |
| रामचन्द्र | - प्रक्रिया कौमुदी (नव्य व्याकरणको आरम्भ) |
| भट्टोजिदीक्षित | -सिद्धान्त कौमुदी |
| नागेश भट्ट | - शब्देन्दुशेखर, परिभाषन्दुशेखर र वैयाकरणसिद्धान्मञ्जुषा |

वाक्यपदीयमा भतृहरिले पद्यबद्ध विस्तार गरेका छन् । भर्तृहरिले पद, प्रकृति, प्रत्यय जस्ता व्याकरणिक कोटिहरूको दार्शनिक आधार दिएका छन् । जयादित्य र वामनले अष्टाध्यायीका सूत्रहरूलाई त्यसै क्रममा राखेर काशिकावृत्तिमा व्याख्या गरे तर रामचन्द्रले त्यस प्रक्रियाको व्यावहारिक औचित्य नभएको स्पष्ट पार्दै नव्य व्याकरणको रचना गरे । विद्यार्थीहरूको तह अनुकूलको बनाउने कार्य वरदराज भट्टले गरेको पाइन्छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०६७, पृ.९) ।

## वैदिक वाङ्मय र लौकिक वाङ्मयबिचका भाषिक चिन्तनको तुलना

वैदिक कालमा भएका भाषासम्बन्धी व्याख्या, चर्चा तथा परिचर्चाहरू लौकिक कालमा झन् खारिएर आएका हुनाले यी कुराहरूलाई भाषिक चिन्तनका समानताको रूपमा व्याख्या गरिएको छ। वैदिक वाङ्मय र लौकिक वाङ्मय बिचका भाषिक चिन्तनलाई निम्नानुसार व्याख्या तुलना गरिएको छ :

- ऋग्वेदमा अक्षर ज्ञानबाट ऋचाको ज्ञान हुन्छ भनेर अक्षर (भाषा) को महत्त्व बताइएको छ। लौकिक भाषिक चिन्तन परम्परामा व्याकरणको विकास गरेर भाषाको ज्ञान दिइएको छ ।
- ऋग्वेदमा पदज्ञानको महत्त्व देखाएर भाषा यादृच्छिक र परम्परित हुन्छ भन्ने कुराको सङ्केत गरिएको छ । यस कुरालाई परिष्कारपूर्वक व्याख्या तथा विश्लेषण लौकिक कालमा देख्न सकिन्छ ।
- यजुर्वेदमा प्रकृति र प्रत्ययको अवधारणा आएको छ। लौकिक कालमा निर्वचनसम्बन्धी व्यापक ज्ञान दिने काम गरिएको छ । पाणिनीय व्याकरणमा वर्णनिष्ठ, रूपगत, वाक्यनिष्ठ, सन्दर्भनिष्ठ जस्ता सन्धि व्यवस्थासम्बन्धी व्यापक चर्चा गरिएको छ ।
- भाषामा ध्वनिको साथसाथै अर्थ पनि हुने कुराको सङ्केत ऋग्वेदमा गरिएको छ। यसको विस्तारस्वरूप महाभाष्यकार पतञ्जलीले अर्थज्ञानबिना पाठमात्र पढ्नेले केही बुझ्न सक्दैन भन्ने प्रसङ्ग उठाई अर्थको महत्त्व स्पष्ट पारेका छन् । उनले अर्थबिनाको भाषालाई आगो नबालिकन थुपारिएका दाउरासँग तुलना गरेका छन् । भर्तृहरिको वाक्यपदीयका टीकाकार पुण्यराजले अठार प्रकारका अर्थभेद हुने कुरा गरेका छन् । यसकै सन्दर्भमा पछाडि स्फोट दर्शनको अवधारणा आएको पाइन्छ ।

- वेदका विभिन्न सूक्तहरूमा निर्वचनको सङ्केत गरिएको छ । यास्कले यसमा महत्त्वपूर्ण योगदान गरेका छन् । यसैलाई आधार मानेर लौकिक वाङ्मयअन्तर्गत पर्ने पाणिनि पूर्वकालीन रचना, पाणिनिकालीन रचना र पाणिनि उत्तरकालीन रचनामा यसलाई व्यापकता दिने काम भएको पाइन्छ ।

- गोपथ ब्राह्मणमा धातु र प्रातिपदिक, आख्यात, निपात, विभक्ति, स्वर, मात्रा, वर्ण, अक्षरको अवधारणा आएको छ । यसकै पृष्ठभूमिमा पाणिनिले पदलाई सुबन्त र तिङन्त गरी दुई भागमा वर्गीकरण गरेका छन् ।

- मैत्रायणि तथा ऐतेरीय ब्राह्मणमा पनि वाणीका सात विभाग छन् भनिएको छ। ऐतिरीय ब्राह्मणमा मन पूर्व रूप वाणी उत्तर रूप हो भनिएको छ । मनले सङ्कल्प गर्छ सो कुरा वाणीको रूपमा व्यक्त हुन्छ भनिएको छ । पाणिनिले भाषिक अभिव्यक्तिका लागि चौध माहेश्वर सूत्र र बयालिस प्रत्याहारको कल्पना गरेका छन् ।

- शतपथ ब्राह्मणमा मानिस, पशुपन्छी र सरिसृपको वाणीमा भएको भेद देखाएको छ । लौकिक वाङ्मय परम्परामा मानिसको भाषालाई व्याकरणबद्ध गर्ने काम गरिएको छ। शुद्ध उच्चारण तथा शुद्ध लेखनसम्बन्धी विभिन्न नियमहरू सूत्रबद्ध गर्ने काम भएको छ ।

- ऋग्वेदसँग सम्बन्धित ऐतिरीय र शाङ्ख्यायन आरण्यक संहिता, पद, कर्मपाठ, स्वर, व्यञ्जन आदिको चर्चा गरिएको छ । लौकिक वाङ्मयमा ध्वनिविज्ञान, वाक्यविज्ञान, रूपविज्ञान तथा अर्थविज्ञानको सन्दर्भमा व्यापक व्याख्या विश्लेषण गर्ने काम भएको छ ।

- उत्तर वैदिककालीन रचना उपनिषद्मा अक्षर ब्रह्मबाट यो विश्वको उत्पत्ति हुन्छ । केनोपनिषदमा अक्षरलाई ब्रह्मसरह मानिएको छ । अक्षर र ब्रह्म एउटै हुन् भनिएको छ । यसमा विद्या र अविद्या गरी दुई रूप हुन्छन् भनिएको छ। लौकिक भाषिक परम्परामा भाषा मानिसको सम्पत्ति भएको चर्चा गरिएको छ । अन्य प्राणीसँग भाषाको सम्बन्ध नरहेको बताइएको छ ।

- वेदाङ्गहरूअन्तर्गत शिक्षामा ध्वनिविज्ञान, व्याकरणमा पदविज्ञान र वाक्यविज्ञान, निरुक्तमा निर्वचन तथा छन्दमा पाउ वा चरणको बारेमा व्यापक चर्चा गरिएको छ। लौकिक वाङ्मयका विभिन्न व्याकरणिक ग्रन्थहरू विशेष त्रिमुनिका कृतिहरूमा ध्वनिविज्ञान, रूपविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानको व्यापक व्याख्या विश्लेषण गर्ने काम भएको छ ।

- प्रातिशाख्य र शिक्षामा वैदिक मन्त्रहरूको शुद्ध उच्चारण र अर्थनिर्धारणसम्बन्धी व्याख्या गरिएको छ। स्वर व्यञ्जन आदिको उच्चारण वर्ण, स्वर आदिको उच्चारणसम्बन्धी उदात्त, अनुदात्त, स्वरित, ह्रस्व, दीर्घ, प्लुत, आदिको उच्चारण कसरी गर्ने भन्ने विषयमा सिकाउने काम प्रातिशाख्य र शिक्षा

ग्रन्थहरूमा भएको छ । उच्चारणको सन्तुलनसम्बन्धी धारणा दिइएको छ । उच्चारणमा गति, यतिसम्बन्धी विचार व्यक्त गरिएको छ भने विभिन्न उच्चारण अवयवको बारेमा समेत चर्चा गरिएको छ। यसैको पृष्ठभूमिमा लौकिक वाङ्मयअन्तर्गत पाणिनिपूर्व, पाणिनि युगमा तथा पाणिनि उत्तरयुगमा भाषालाई नियम शासित गर्ने काम भएको छ। उच्चारण व्यवस्था, वर्णव्यवस्था, वाक्यगठन, कारक र विभक्ति, स्फोट दर्शनको चिन्तन प्रगाढ बन्दै गएको देखिन्छ।

वैदिक संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्, वेदाङ्ग, प्रातिशाख्य, शिक्षालगायतका वैदिक कालका ग्रन्थहरूमा चर्चा गरिएका भाषासम्बन्धी व्याख्या विवेचनालाई अङ्गीकार गरी थप विस्तृतीकरणका साथ लौकिककालीन भाषिक चिन्तन अगाडि बढेको तथा सम्पूर्ण संस्कृत वाङ्मयमा भए गरेका भाषिक चर्चा परिचर्चाको आधारमा आधुनिक भाषाविज्ञानको विकास भएको हो भन्ने कुरा सर्वग्राह्य छ।

## निष्कर्ष

वैदिक वाङ्मयका भाषिक चिन्तन भन्नासाथ वैदिक संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्, वेदाङ्ग, प्रातिशाख्य, शिक्षाग्रन्थ जस्ता कृतिहरूमा भएका भाषासम्बन्धीका विचारहरूलाई लिने गरिन्छ। ऋग्वेदमा भाषाका चार रूपहरू परा, पश्यन्ती, मध्यमा र वैखरीको कल्पना गरी भाषिक चिन्तनको प्रारम्भ भएको पाइन्छ । वेदका विभिन्न प्रसङ्गहरूमा वाक्तत्त्व, भाषाको उत्पत्ति, व्याकरण, छन्दको विश्लेषण, वाणीका भेदहरू, मनस्तत्त्व तथा वाक्तत्त्वसम्बन्धी अक्षर, पद आदिको चर्चा गरिएको छ । प्रातिशाख्य र शिक्षाग्रन्थहरूमा वैदिक सूक्तहरूको उच्चारणको शुद्धताको निर्णय गर्ने काम भएको छ । निघण्टुमा वैदिक शब्दहरू सङ्कलित छन् भने निरुक्तमा शब्दहरूको निर्वचन प्रक्रियाको वारेमा व्याख्या गरिएको छ। वैदिक संहिता, ब्राह्मण ग्रन्थ, आरण्यक, प्रातिशाख्य, शिक्षा पूर्वीय परम्पराका मुख्य भाषिक सामग्री हुन्। पाणिनि अष्टाध्यायी तथा कात्यायन र पतञ्जलीका व्याकरणिक कृतिहरूमा आपिशलि, इन्द्र, काश्यप, वायु, गार्ग्य, भागुरि, शाकटायन, पोष्करसादि, शाकल्य, रौढि,, स्फोटायन, काशकृत्स्न, भारद्वाज, शन्तनु, चक्रवर्मन, व्याडि, सेनक जस्ता पूर्व वैयाकरणहरूको चर्चा गरिएको छ । पाणिनि व्याकरणको आगमनसँगै सबै प्रकारका पूर्व व्याकरणिक चिन्तनहरू ओझेलमा परेका हुन्। सबै व्याकरणिक कुराहरू वैज्ञानिक तवरले अष्टाध्यायीमा समेटिएको छ। चौध माहेश्वर सूत्र तथा बयालिस प्रत्याहारको माध्यमबाट सम्पूर्ण भाषालाई नियमबद्ध गर्न सक्नु पाणिनिको अद्वितीय क्षमता हो । अष्टाध्यायी सूत्रपाठ, धातुपाठ, गणपाठ, परिभाषापाठ, लिङ्गानुशासनको कुशल संयोजन भएको बहुचर्चित व्याकरण हो । आधुनिक व्याकरणको निर्माण संस्कृत व्याकरण परम्पराको देन हो । पूर्वीय वाङ्मय जगतमा भाषिक चिन्तनको सुदीर्घ परम्परा रहेको देखिन्छ । यसैलाई आधार मानेर पूर्वीय तथा पाश्चात्य जगतमा अद्यापि भाषिक चिन्तनहरू भइरहेका छन्। यस्ता महत्त्वपूर्ण भाषिक चिन्तनहरूको वैज्ञानिक खोज अन्वेषणको जरुरी छ। आधुनिक भाषा व्याकरणमा देखा परिरहेका नयाँ नयाँ चिन्तनहरू संस्कृत व्याकरण परम्पराको पृष्ठभूमिमा भएका हुन्।

## सन्दर्भसूची


अधिकारी, गङ्गाप्रसाद (२०७०), संस्कृत भाषिक चिन्तन परम्परामा पाणिनीय व्याकरण र यसका केही आधारभूत पक्ष, प्रज्ञा, १ (१०९), पृ.३ ।

आचार्य, व्रतराज (२०७२), पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन, रत्न पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद र पराजुली, दीपक (२०६९), पूर्वीय भाषिक चिन्तन परम्परा, कन्काई एजुकेसनल पब्लिकेसन एन्ड रिसर्च सेन्टर, प्रा.लि. ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपकप्रसाद (२०६७),भाषाविज्ञानका प्रमुख सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, केशवराज (२०७५), वैदिक र लौकिक संस्कृतमा भाषिक चिन्तन, अनलाइन मोडुल सामग्री, नेपाल खुला विश्वविद्यालय ।

बन्धु, चूडामणि (२०७०),भाषाविज्ञानका सम्प्रदाय, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

ब्लूमफिल्ड, एल (सन् १९३३), भाषा, हल्ट रिनिहर्ट एन्ड विन्स्टन ।

राई, भक्त (२०७४), पूर्वीय दर्शन, नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

शर्मा, गोपीकृष्ण (२०५६), संस्कृत साहित्यको रूपरेखा, अभिनव प्रकाशन ।